# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, वैशाख २४ गते २०४७ साल (संख्या ४


## भाग ४

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

सञ्चार मन्त्रालयका सचिव श्री विष्णुप्रताप शाह चीनमा हुने प्रथम स्याटेलाइट एशिया स्याट १ प्रक्षेपणका अवसरमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले त्यसै मन्त्रालयका अतिरिक्त सचिव श्री कालीप्रसाद रिजाललाई मिति २०४६।१२।२३ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

राष्ट्रिय योजना आयोगको सचिवालयका अतिरिक्त सचिव श्री पृथुनरसिंह राणालाई निर्माण तथा यातायात मन्त्रालयको सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०४६।१२।२२ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

नरसिंहनारायण सिंह

श्री ५ को सरकारको सचिव

९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।